# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पुजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
स्था: २०७३

पत्र संख्या: २०८३/०८४
चलानी नं. ३८०

गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पुजा, प्युठान लुम्बिनी प्रदेश,नेपाल

मिति:२०८३।०५।११

## समवेदना तथा सहयोग सम्बन्धमा

हालै रसुवा जिल्ला स्थित भोटेकोशी नदिमा आएको बिनासकारी बाढीले रसुवा, नुवाकोट, धादिङ लगायत विभिन्न स्थानहरुमा अकल्पनीय जनधनको क्षति, विस्थापन तथा ठूलो मानवीय पीडा उत्पन्न भएकोप्रति गौमुखी गाउँपालिका गहिरो दुःख व्यक्त गर्दछ। यस दुःखद् घडीमा विपद्का कारण ज्यान गुमाउनु हुने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं। साथै, घाइते तथा प्रभावित नागरिकहरूको शीघ्र स्वास्थ्यलाभ तथा सुरक्षित पुनर्स्थापनाको कामना गर्दछौं।

उक्त विपद्जन्य परिस्थितिबाट प्रभावित नागरिकहरूको खोज, राहत, उद्धार तथा पुनर्स्थापनाका लागि सहयोग पुऱ्याउने उद्देश्यले गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३।०५।११ गतेको निर्णयानुसार संस्थागत रुपले दुई लाख र गाउँपालिकामा कार्यरत सम्पूर्ण जनप्रतिनिधि एवंम कर्मचारीहरूको एक दिन बराबरको सेवा सुविधा तथा पारिश्रमिक रकम **प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा** जम्मा गर्ने निर्णय गरिएको छ ।

साथै बिनासकारी विपद्ले निम्त्याएको गम्भिर सङ्कटको सामना गर्न देश/विदेशमा रहनुहुने समस्त नेपाली दिदीबहिनी दाजुभाइहरुमा आवश्यक सहयोग र ऐक्यवद्धताको लागि अनुरोध गर्दछौं ।

विष्णु कुमार गिरी
अध्यक्ष
विष्णु कुमार गिरी
अध्यक्ष